# कृषि उपज संकलन केन्द्र निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७९

(मिति २०७९/११/१० को माननीय मन्त्रिस्तर निर्णयबाट स्वीकृत)

**प्रस्तावनाः** कृषकले उत्पादन गरेका कृषि उपज एकत्रित गरी बजारीकरण योग्य आकार सुनिश्चित गर्न तथा उत्पादनको गुणस्तर कायम राख्दै बिक्री वितरणमा सहजता ल्याउनको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने उद्देश्यले कृषि उपज संकलन केन्द्र निर्माण सम्बन्धी कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने व्यवस्था मिलाउन "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१) प्राविधिक पक्ष**

क) यस कार्यक्रममा सहभागी हुन कम्तीमा १० कृषक घरपरिवार संलग्न तथा लाभान्वित हुने गरी कृषक समुह वा कृषि सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्।

ख) कृषि उपज संकलन केन्द्र स्थापनाका लागि जग्गाको क्षेत्रफल तराईमा न्यूनतम ३ कठ्ठा र पहाडमा न्यूनतम १ रोपनी भएको हुनुपर्नेछ।

ग) यस कार्यक्रम व्यवसायिक रुपमा कृषि उपज उत्पादन हुने क्षेत्रमा वा आसपासको पायक पर्ने स्थानमा सञ्चालन गर्नुपर्नेछ।

घ) कृषि उपज संकलन केन्द्र निर्माण गर्नको लागि प्राविधिकबाट विस्तृत डिजाईन र लागत तयार गरेको हुनुपर्नेछ।

ङ) कृषि उपज संकलन केन्द्रको प्रस्ताव तयार गर्दा निर्माणमा साझेदार गर्ने संस्थाको नाम र ठेगाना, निर्माण स्थल, जग्गाको क्षेत्रफल, वार्षिक हुने अनुमानित कारोबार र लाभान्वित हुने कृषकहरुको पूर्ण विवरण खुल्ने गरी तयार गर्नुपर्दछ ।

**२) आर्थिक पक्ष**

स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ९० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क) संकलन कक्ष, भण्डारण कोठा, चिस्यान केन्द्र निर्माण,
ख) बिक्री कक्ष निर्माण, कम्पाउण्ड वाल तथा तारबार,
ग) खानेपानी सुविधा, शौचालय, सूचना कक्ष, कार्यालय कोठा निर्माण।

३) मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १. | **निर्माण स्थलमा आवश्यक पूर्वाधारको उपलब्धता** | १० |
| (क) | सडक र विद्युतको सुविधा भएको | १० |
| (ख) | सडक तथा विद्युतको सुविधा पुर्याउन सकिने | ५ |
| २. | **निर्माण स्थलको जग्गाको क्षेत्रफल** | **१५** |
| (क) | पहाडमा ३ रोपनी भन्दा बढी वा तराईमा ६ कठ्ठा भन्दा बढी भएमा | १५ |
| (ख) | पहाडमा १-३ रोपनी वा तराईमा ३-६ कठ्ठा भएमा | १० |
| ३. | **जग्गाको स्वामित्व** | १० |
| (क) | लाभग्राही संस्थाको आफ्नै स्वामित्वमा रहेको | १० |
| (ख) | लाभग्राही संस्थाले लिजमा लिएको | ५ |
| ४. | **कृषि बजार क्षेत्र नजिक वा आसपासमा कृषि उपजको व्यवसायिकता** | **२५** |
| (क) | मासिक ३०० मे.टन भन्दा बढी संकलन हुने | २५ |
| (ख) | मासिक १००- ३०० मे.टन संकलन हुने | २० |
| (ग) | मासिक १०० मे.टन भन्दा कम संकलन हुने | १५ |
| ५. | **कृषि उपज संकलन वा संचय हुनसक्ने अवस्था** | २० |
| (क) | वर्षभरी नियमित संकलन वा संचय हुने | २० |
| (ख) | ६-८ महिना संकलन वा संचय हुने | १५ |
| (ग) | न्यून मात्रामा मात्र संकलन हुन सक्ने देखिएको | १० |
| ६. | **लाभान्वित कृषक घरधुरी** | **१५** |
| (क) | ५० भन्दा बढी कृषक घरधुरी | १५ |
| (ख) | २०-५० कृषक घरधुरी | १० |
| (ग) | २० भन्दा कम कृषक घरधुरी | ५ |
| ७. | **संकलन केन्द्र सञ्चालन योजना** (मूल्यांकन समितिले संकलन केन्द्र सञ्चालन योजना, नवीनतम सोच, दीगोपना आदिको मूल्यांकन तथा स्थलगत अनुगमन प्रतिवेदन समेतको आधारमा १ देखि ५ अंकसम्म प्रदान गर्ने) | ५ |
| | **जम्मा** | १०० |

४) प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः

क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा १६ को उपदफा ३ बमोजिमका कागजात,

ख) समूह/सहकारी संस्थाको बैठक निर्णय प्रतिलिपि,

ग) प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा प्रचलित कानून बमोजिम कम्तीमा १५ बर्षको लागि भएको करार सम्झौताको प्रतिलिपि,

घ) पूर्वाधार निर्माणको हकमा सोको विस्तृत लागत अनुमान।

५) खारेजी र बचाउः

"साझेदारीमा कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम संचालन मापदण्ड, २०७७" खारेज गरिएको छ। उक्त मापदण्ड बमोजिम भएका कार्यहरु यसै मापदण्ड बमोजिम भएको मानिनेछ।

६) प्रस्तावको ढाँचाः

क) आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः | अध्यक्षको नामः<br>सम्पर्क नं |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) पूर्वाधारको अवस्था

- निर्माण स्थलको क्षेत्रफल :...............
- विद्युत र पानीको आपूर्ति कसरी गरिनेछ, उल्लेख गर्नुहोस्।

- निर्माण स्थलमा सडकको सुविधाः मुख्य सडकको नाम ................... मुख्य सडक र निर्माण स्थल जोड्ने सडक/बाटोको नाम........... र मुख्य सडकबाटको दुरी..............कि.मि. र सडक/बाटोको किसिम..............

**ग) निर्माण गरिने संकलन केन्द्रमा संकलन तथा बिक्रीवितरण हुने कृषि उपज सम्बन्धी विवरण**

| क्र.सं. | संकलन हुने कृषि उपजको नाम | परिमाण | उपज उत्पादन हुने क्षेत्र | संकलन हुने महिना | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |

वार्षिक कारोबार परिमाण :

वार्षिक कारोबार (रकममा):

**घ) सञ्चालन हुने क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| क. | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ख. | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| | जम्मा | | | | | | |

(ङ) माग गरेको जम्मा अनुदान रकम :

(च) अनुदानग्राहीले व्यहोर्ने रकमको स्रोतहरु :

(छ) प्रत्यक्ष लाभान्वित कृषक घरधुरीः

(ज) रोजगारी सिर्जना :

(झ) व्यवसायिक योजना/सञ्चालन योजना

- नवीनतम सोच (व्यवसायसँग सम्बन्धीत कुनै नयाँ सोच/प्रविधि भए उल्लेख गर्नुहोस्)

- कृषि उपजको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?

(ञ) अन्य विषय केही भए उल्लेख गर्नुहोस्।